# तेह्रौं आवधिक योजना २०७०/७१ - २०७२/०७३ मा हुलाक

## परिच्छेद ५

## पूर्वाधार विकास

### ५.३ सूचना तथा सञ्चारः

२. **अद्यावधिक स्थितिः** सरकारको पूर्ण वा आंशिक संलग्नता रहेका सञ्चार माध्यम (हुलाक, रेडियो, टेलिभिजन, समाचार संस्था तथा पत्रपत्रिका)हरुको क्षेत्रमा सामयिक सुधारको खाँचो छ।

३. **समस्या तथा चुनौतीहरुः** सरकारको पूर्ण स्वामित्वमा रहेका सञ्चार गृह, हुलाक प्रसारण संस्थाहरु व्यावसायिकता प्रवर्द्धन हुन नसक्नु, हुलाक सेवाको विविधीकरण गरी आधुनिक प्रविधिमैत्री बनाउनु।

### ६. रणनीतिः

६. हुलाकबाट आधुनिक, व्यावसायिक सेवाहरु प्रदान गर्दै हुलाक सेवालाई थप विश्वसनीय, व्यावसायिक तथा प्रतिस्पर्धी बनाउने।

### ७. कार्यनीतिः

१७. सबै जिल्ला हुलाकहरुमा काउण्टर अटोमेशनद्वारा हुलाकको वर्तमान संगठनलाई पुनर्संरचना गरिने र त्यहाँका जनशक्तिलाई सूचना प्रविधि मैत्री बनाउन पूर्वाधार तथा आवश्यक तालिमको व्यवस्था गरिनेछ।

१८. टेलिसेन्टरलाई एकीकृत सूचना केन्द्रको रुपमा विकास गरिनेछ।

१९. हुलाक बचत बैंकको दायरालाई विस्तार गरिनेछ।

### ८. प्रमुख कार्यक्रमः

- हुलाक बचत बैङ्कलाई आधुनिकीकरण गर्न ६७ स्थानमा सफ्टवेयर स्थापना गरिने तथा ABBS लागु गर्ने।
- हुलाकमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गर्न हाल सञ्चालनमा ल्याएका ४०१ टेलिसेन्टरलाई प्रभावकारी रुपमा सञ्चालन गर्दै सम्भाव्यताका आधारमा थप स्थानमा समेत विस्तार गर्दै लैजानाे र एकीकृत सूचना केन्द्रहरुको रुपमा सञ्चालन गर्ने। हुलाकमा सूचना प्रविधिको प्रयोग बढाउन थप ३५ स्थानमा काउण्टर अटोमेशन तथा थप १०० स्थानमा टेलिसेन्टर स्थापना गर्ने।

- अन्तर्राष्ट्रिय वित्त प्रणालीको सदस्यता लिई धनादेश सेवालाई दश देशमा विस्तार गर्ने।
- EMS लाई थप प्रभावकारी बनाउन EMS सहकारीको सदस्यता लिने।
- हुलाक सेवालाई थप प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि स्वायत्त संस्थाको रुपमा रुपान्तरण गर्न सम्भाव्यता अध्ययन गर्ने।